**September 13th, 2024**

**Friday**

**प्रमुख समाचार:**

1. सर्वोच्च अदालतद्वारा दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाललाई जमानत
2. हरियाणामा एकल चरण र जम्मू कश्मीरमा तेस्रो र अन्तिम चरणको विधानसभा चुनावका लागि आज मनोनयन पत्रहरू छानबिन सम्पन्न
3. ग्रेटर नोएडामा आयोजित SEMICON India 2024 को सम्मेलन आज समापन
4. अनि सबै राज्य र केन्द्र शासित प्रदेशहरूलाई चाडपर्वहरूमा खाद्य मिसावटमा निगरानी राख्न भारतीय खाद्य प्राधिकरणको निर्देशन

-----------

SC – Arvind Kejriwal

सर्वोच्च अदालतले आज दिल्लीका मुख्यमन्त्री एवं आम आदमी पार्टीका राष्ट्रिय संयोजक श्री अरविन्द केजरीवाललाई कथित अन्तःशुल्क नीति घोटालामा केन्द्रीय अनुसन्धान ब्यूरोले दर्ता गरेको भ्रष्टाचार मुद्दामा जमानत दिएको छ। उहाँ गत जून २६ मा पक्राउ पर्नुभएको थियो। मुख्यमन्त्रीलाई १० लाखको व्यक्तिगत धरौटीमा रिहा गरिएको हो । जमानतको शर्तअनुसार श्री केजरीवालले कथित घोटालासँग सम्बन्धित विषयमा सार्वजनिक रूपमा टिप्पणी गर्न पाउनु हुनेछैन।

Haryana - Election

हरियाणामा एउटै चरण र जम्मू कश्मीरमा विधानसभा चुनावको तेस्रो र अन्तिम चरणको लागि आज उम्मेदवारी पत्र छानबिन भयो। उम्मेदवारी दर्ताको हिजो अन्तिम दिन थियो । यसै महिनाको १६ तारिकसम्म नाम फिर्ता लिन सकिनेछ। ९० सदस्यीय विधानसभाका लागि अक्टोबर ५ मा मतदान हुँदैछ । जम्मू कश्मीरमा तेस्रो र अन्तिम चरणका लागि कुल ४८३ उम्मेदवारहरूले नामाङकन भरेका छन्। नाम फिर्ता लिने अन्तिम मिति 17 सेप्टेम्बर हो। तेस्रो चरणमा अक्टोबर १ मा ४० विधानसभा क्षेत्रमा मतदान हुँदैछ। केन्द्र शासित प्रदेशमा पहिलो चरणको मतदान 18 सेप्टेम्बरमा र दोस्रो चरण 25 सेप्टेम्बरमा हुनेछ। दुवै राज्यको मतगणना अक्टोबर ८ मा हुनेछ।

DRDO - Missile

रक्षा मन्त्री श्री राजनाथ सिंहले छोटो दूरीको एयर मिसाइलको सफल उडान परीक्षणको लागि रक्षा अनुसन्धान र विकास संगठन DRDO, भारतीय नौसेना र सबै हितधारकहरूको प्रशंसा गर्नुभएको छ। आधुनिक प्रविधिले सुसज्जित यो मिसाइलले सशस्त्र बलमा थप प्रविधि प्रवर्द्धन गर्ने उहाँको भनाइ छ । हिजो चण्डीपुर, ओडिशाबाट लगातार दोस्रो परीक्षण गरिएको थियो।

Canada – Khalistan

क्यानडास्थित भारतीय उच्चायोगमा खालिस्तान समर्थकहरूले गरेको कथित हमलाको अनुसन्धानको सन्दर्भमा राष्ट्रिय अनुसन्धान एजेन्सीले आज पञ्जाबका धेरै ठाउँमा छापा मारेको छ। यस अवधिमा मोगा, अमृतसर, गुरदासपुर र जालंधरमा धेरै ठाउँमा खोजी गरिएको थियो। गत वर्ष ओटावास्थित भारतीय उच्चायोग बाहिर खालिस्तानी समर्थकहरूले गरेको विरोधमा अनुसन्धान एजेन्सीले मुद्दा दर्ता गरेको थियो।

Semicon India

ग्रेटर नोएडामा आयोजित SEMICON India 2024 को सम्मेलन आज सम्पन्न भएको छ। तीन दिने सम्मेलन प्रधानमन्त्री श्री नरेन्द्र मोदीले बुधबार उद्घाटन गर्नुभएको हो। सेमिकॉनका प्रमुख कार्यकारी अधिकृत श्री अजित मनोचाका अनुसार सेमिकन इन्डिया कुनै पनि देशमा आयोजना गरिएको सबैभन्दा सफल र सबैभन्दा ठूलो कार्यक्रम हो। सम्मेलनमा सेमीकन्डक्टर उद्योगका एक सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको उहाँले बताउनुभयो ।

Shah – Rajbhasha Sammelan

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले भोलि नयाँ दिल्लीमा राजभाषा हीरक जयन्ती समारोह र चौथो अखिल भारतीय आधिकारिक भाषा सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्नु हुनेछ। राजभाषा विभागले हिन्दीलाई सरकारी कामकाजको भाषा बनेको ७५ वर्ष पूरा भएको सम्झनामा सम्मेलन आयोजना गर्ने भएको छ । भोलि हिन्दी दिवसको अवसरमा श्री शाहले राजभाषा भारती पत्रिकाको हीरक जयन्ती विशेष अंकको विमोचन गर्नुका साथै राजभाषा गौरव र राजभाषा कीर्ति पुरस्कार प्रदान गर्ने कार्यक्रम छ ।

Jaishankar – UNGA President

विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकरले आज क्यामरुनका पूर्व प्रधानमन्त्री फिलेमोन याङलाई संयुक्त राष्ट्र संघको महासभाको ७९ औं अध्यक्षको पदभार ग्रहण गरेकोमा बधाई दिनुभएको छ। उहाँले संयुक्त राष्ट्र संघको महासभाको नयाँ नेतृत्वमा साझा लक्ष्यहरू हासिल गर्न रचनात्मक भूमिका खेल्न भारत प्रतिबद्ध रहेको बताउनुभयो। यसअघि, जून ६, २०२४ मा श्री फिलेमोन याङ संयुक्त राष्ट्र संघको मुख्यालय न्यूयोर्कमा भएको महासभाको ७९ औं अध्यक्षमा निर्वाचित हुनुभएको थियो।

Kumaraswami E-bus Sewa

केन्द्रीय इस्पात मन्त्री श्री एचडी कुमारस्वामीले हालै स्वीकृत प्रधानमन्त्री ई-बस सेवा योजना अन्तर्गत आर्थिक वर्ष २०२४-२५ देखि आर्थिक वर्ष २०२८-२९ सम्म ३८ हजारभन्दा बढी विद्युतीय बसहरू चलाइने बताउनुभएको छ। श्री कुमारस्वामीले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको अध्यक्षतामा केन्द्रीय मन्त्रिपरिषद्ले सार्वजनिक यातायात प्राधिकरणद्वारा ई-बसहरू खरिद र सञ्चालनको योजनालाई स्वीकृत गरेको बताउनुभयो।

MOU – FCI Food Dept

खाद्यान्न खरिद तथा वितरणमा दक्षता र जवाफदेहिता अभिवृद्धि गर्न खाद्य तथा सार्वजनिक वितरण विभाग र भारतीय खाद्य संस्थानबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । खाद्य मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार यो सम्झौता पत्रले कार्यकुशलता र जवाफदेहिताको मापदण्ड प्रदान गर्ने र खाद्य सुरक्षा कार्यक्रममा सरकारी खर्चको अधिकतम उपयोग गर्ने उद्देश्य रहेको जनाएको छ । सम्झौतापत्र खाद्य अनुदान रकमलाई प्रभावकारी रूपमा उपयोग गर्ने पहल हो।

Jitendra Singh – Swachata 4.0

केन्द्रीय मन्त्री श्री डा जितेन्द्र सिंहले विशेष स्वच्छता अभियानको चौथो चरणको प्रगति अनुगमन गर्न एक विशेष अनलाइन पोर्टल सुरु गर्नुभयो। यस अभियानको उद्देश्य केन्द्र सरकारका सबै कार्यालयहरूमा समग्र दृष्टिकोणका साथ सरसफाईलाई थप प्रवर्द्धन गर्नु हो। सरकारले हरेक वर्ष अक्टोबर २ देखि ३१ सम्म विशेष स्वच्छता अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

Weather

देशको उत्तरपश्चिमी भूभागका धेरै स्थानमा भारी वर्षाको सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । विभागका अनुसार आज उत्तर प्रदेश, हिमाचल प्रदेश, हरियाणा, चण्डीगढ, दिल्ली, उत्तराखण्ड र राजस्थानमा भारी वर्षाको सम्भावना छ ।

FSSAI Adulterated Sweets

भारतीय खाद्य सुरक्षा र मानक प्राधिकरणले सबै राज्य र केन्द्र शासित प्रदेशहरूलाई चाडपर्वहरूमा मिसावट गरिएका मिठाई र दूध उत्पादनहरू बनाउने र बेच्नेहरूलाई कडा निगरानी गर्न आदेश दिएको छ।

Mandaviya – Sportsperson

युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मण्डवीयले अवकाशप्राप्त खेलाडीहरूलाई अवकाशप्राप्त खेलाडी सशक्तीकरण तालिम (RESET) कार्यक्रममा सहभागी हुन र देशको खेलकूद प्रवर्धनमा सक्रिय रूपमा योगदान गर्न आह्वान गर्नुभएको छ। यस कार्यक्रमको उद्देश्य युवा र अवकाशप्राप्त खेलाडीहरू बीचको दूरीलाई कम गरी युवा खेलकुद प्रतिभाहरूलाई उनीहरूको सीप र अनुभवबाट लाभान्वित गर्नु हो। यो कार्यक्रम २० देखि ५० वर्ष उमेर समूहका अवकाशप्राप्त खेलाडीहरूका लागि हो जसले अन्तर्राष्ट्रिय पदक जितेका छन्, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा भाग लिएका छन् वा राष्ट्रिय वा राज्य स्तरमा मान्यता प्राप्त गरेका छन्।

Diamond League Final

पेरिस ओलम्पिकका रजत पदक विजेता भाला थ्रोर नीरज चोपडा र स्टीपलचेज धावक अविनाश साबले आजदेखि बेल्जियमको ब्रसेल्समा सुरु हुने डायमण्ड लिग फाइनलमा भारतको प्रतिनिधित्व गर्ने छन् ।